ISSN NO. 2392-4624 Volume 8, Issue 1, January 2026

DOI: https://doi.org/10.3126/cognition.v8i1.89806

# विकासको कुलो कथामा अनुभूतिको संरचना

**डा. शारदादेवी लामिछाने**[१]

***लेखसार***

*प्रस्तुत लेख ऋषिराज बरालको 'विकासको कुलो' कथामा अनुभूतिको संरचनाको अध्ययनमा आधारित छ । उनका कथामा नेपाली समाजमा विद्यमान प्रभुत्वशाली वर्गद्वारा अधीनस्थ वर्गमाथि गरिने अन्याय, अत्याचार, शोषणको चित्रण गरिनुका साथै अन्यायका विरुद्ध उत्पीडित वर्गले देखाएको सङ्घर्षलाई उद्घाटन गरिएको छ । अनुभूतिको संरचना रेमन्ड विलियम्सको समाजशास्त्रीय अवधारणा हो । समाजमा तीन पिँढी रहने र तिनै तीन पिँढीका बिच क्रियाप्रतिक्रियाका क्रममा समुदायले गर्ने दबाबजन्य विशिष्ट अनुभूतिको अभिव्यक्ति कलाकृतिमा हुने उनको दृष्टिकोण रहेको छ । यसै मान्यताका कोणबाट बरालको 'विकासको कुलो' कथाको अनुसन्धानमूलक अध्ययन तथा विश्लेषण गर्ने उद्देश्य प्रस्तुत शोधकार्यको रहेको छ । यस उद्देश्य परिपूर्तिका निम्ति कथामा पिँढीगत संस्कृति र प्रभुत्वका कारण सिर्जित अनुभूति तथा दबाब र तनाबका कारण सिर्जित अनुभूतिको संरचनाका आधारमा व्याख्या विश्लेषण गर्न सोद्देश्यमूलक ढङ्गले पुस्तकालयीय अध्ययन कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण समाजशास्त्रीय मान्यता अनुरूप गरिएकाले यसमा निगमनात्मक विधिको उपयोग गरिएको छ । प्रभुत्वशाली पिँढीको संस्कृतिले समाजका हरेक तहमा आफ्नो आधिपत्य कायम राख्न अनेक छलकपट र शोषणको उद्घाटन गरिनुका साथै अधीनस्थ पिँढीमा अस्तित्वका लागि सङ्घर्ष गर्ने चेतनाको प्रतिविम्बन भएको निष्कर्ष प्रस्तुत कथाको अध्ययनबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : अधीनस्थ पिँढी, उदीयमान पिँढी, दस्ताबेज, प्रतिनिधित्व, प्रभुत्वशाली पिँढी ।

## विषयपरिचय

आधुनिक नेपाली साहित्य परम्परामा ऋषिराज बराल (२००९) प्रगतिवादी धाराका स्रष्टा हुन् । उनका *गाउँको कथा भन्छु है त* (२०४१), *भग्नावशेष* (२०४४), *बयान* (२०५२), *वनमान्छेको कथा* (२०५४), *सैन्य उपहार* (२०५८) र *ऋषिराज बरालका प्रतिनिधि कथाहरू* (२०६७) जस्ता कथासङ्ग्रह रहेका छन् । 'विकासको कुलो' कथा वि.स. २०४१ मा प्रकाशित *गाउँको कथा भन्छु है त* कथासङ्ग्रहमा पहिलो पटक र वि.सं. २०६७ मा *ऋषिराज बरालका प्रतिनिधि* कथाहरू नामक कथासङ्ग्रहमा दोस्रो पटक प्रकाशित भएको पाइन्छ। यो सामाजिक यथार्थवादमा आधारित प्रगतिवादी कथा भएको पाइन्छ। साहित्यकार बरालको साहित्य रचनाको मूल आदर्श मार्क्सवादी चिन्तनधारा हो । उनका कथामा मूलभूत रूपमा नेपाली समाजमा विद्यमान प्रभुत्वशाली

१. उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, त्रि.वि., Email: sharadalamichhane30@gmail.com

*Received on Nov. 8, 2025* *Accepted on Dec. 4, 2025* *Published on Jan. 28, 2026*

वर्गद्वारा अधीनस्थ वर्गमाथि गरिने अन्याय, अत्याचार, शोषण र उत्पीडन जस्ता अमानवीय कार्यको उद्घाटन गरिनुका साथै अन्यायका विरुद्ध उत्पीडित वर्गले देखाएको साहस, वीरता, बलिदान र शौर्य नै विषयवस्तु रहेका पाइन्छन् ।

ऋषिराज बरालका कथाका बारेमा विभिन्न समीक्षक तथा समालोचकबाट विविध पक्षमा अध्ययन अनुसन्धान भएको पाइन्छ तर समाजशास्त्रीय साहित्यिक मान्यताका आधारमा उनका कथामा अन्तर्निहित अनुभूति संरचनाबारे गहन अध्ययन विश्लेषण हुन सकेको पाइँदैन । यही अनुसन्धान रिक्तता परिपूर्तिका लागि गरिएको यस अध्ययनबाट कथामा अन्तर्निहित अनुभूतिको संरचनाको जानकारी प्राप्त गर्न चाहने जिज्ञासु पाठक र अध्येताहरू लाभान्वित हुने भएकाले यस अध्ययनको औचित्य सिद्ध हुन्छ । 'विकासको कुलो' कथामा प्रभुत्वशाली पिँढीको यथार्थ तस्बिरलाई मार्मिक रूपमा चित्रण गर्दै अन्याय अत्याचारका विरुद्ध अधीनस्थ पिँढीमा विद्रोहको भावना उत्पन्न हुँदै गरेको दबाब र तनाबको अवस्थाको बोध गराएर दुवै पिँढीमा अस्तित्वका निम्ति सिर्जित अनुभूतिको संरचना प्रस्तुत गरिएको छ । प्रकाशनका दृष्टिले चार दशक पुरानो भए पनि यस कथामा प्रयुक्त पिँढीगत अनुभूतिको अध्ययनले समाज, साहित्य र संस्कृतिका बिचको सम्बन्धलाई स्पष्ट पार्नाका साथै समाज विकासको कुनै काल खण्डको यथार्थलाई पनि उजागर गर्ने हुँदा आज पनि यसको उच्च महत्त्व रहेको स्पष्ट हुन्छ । यसै पृष्ठभूमिमा 'विकासको कुलो' कथाको सांस्कृतिक अध्ययन गर्ने सन्दर्भमा रेमन्ड विलियम्सका समाजशास्त्रीय साहित्यिक मान्यताअन्तर्गत अनुभूतिको संरचनालाई मुख्य आधार बनाइएको छ । प्रस्तुत अध्ययनमा 'विकासको कुलो' कथामा अनुभूतिको संरचना के कस्तो रहेको छ भन्ने मुख्य समस्यामा आधारित रहेर अध्ययन विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका निम्ति प्राथमिक स्रोत सामग्रीको रूपमा ऋषिराज बरालको 'विकासको कुलो' कथा रहेको छ । सामग्री सङ्कलनका क्रममा अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधार भएका कृति, लेख, कथाको पूर्वाध्ययनसँग सम्बद्ध सामग्रीलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । अतः सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालय नै भएको हुँदा पुस्तकालयीय विधिलाई उपयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण निगमनात्मक विधिमा केन्द्रित रहेको छ । अनुभूतिको संरचनासम्बद्ध अध्ययन पद्धतिको निर्माण गरी 'विकासको कुलो' कथामा पिँढीगत संस्कृति र प्रभुत्वका कारण सिर्जित अनुभूति तथा दबाब र तनाबका कारण सिर्जित अनुभूतिको संरचनाको पहिचान गरी अध्ययनको आधार तयार पारिएको छ । कथा विश्लेषणका सन्दर्भमा भने आगमनात्मक विधिको पनि अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

अनुभूतिको संरचना बेलायती चिन्तक रेमन्ड विलियम्स (१९२१-१९८८) को साहित्यलाई समाज र संस्कृतिसँग जोडेर समीक्षा गर्ने महत्त्वपूर्ण मान्यता हो । बेलायतको प्रभुत्वशाली अभिजात्य वर्गको संस्कृतिसँग सङ्घर्ष गर्दै र समाज, साहित्य र संस्कृतिसम्बन्धी आफ्ना मान्यता अघि सार्ने क्रममा उनले

अनुभूतिको संरचनासम्बन्धी मान्यता प्रस्तुत गरेका हुन्। कुनै पनि घटना वा वस्तुलाई देखेर त्यस घटना वा वस्तुप्रति संवेदनशील भएर त्यसमै तल्लीन भएको अवस्थामा प्राप्त अनुभूतिबाट साहित्यको सिर्जना हुन्छ। कुनै विषयलाई तत्काल अनुभूत गर्ने शक्ति साहित्यकारमा हुन्छ। अनुभूति विचारको विरोधी नभएर विचार अनुभूतिका रूपमा र अनुभूति विचारका रूपमा उपस्थित हुन्छन् (घर्ती, २०६८, पृ. २३७) भन्ने कुरा उल्लेख गरिएको छ। साहित्यकारले आफ्नो भाव वा विचारलाई मूर्तरूप दिने क्रममा पात्रका रूपमा प्रस्तुत गरिएका चरित्रबाट तथा पात्रका संवादबाट समाजप्रति आफ्नो अनुभूति प्रकट गर्दछन्। कुनै पनि साहित्यिक कृतिमा रहेको विचारको पक्षभन्दा अनुभूतिको पक्षलाई निश्चित युगीन समाज र सामाजिक सन्दर्भसँग जोडेर समाजको व्याख्या विश्लेषण गर्ने समाजशास्त्रीय दृष्टिकोण नै अनुभूतिको संरचना भएको धारणा पाइन्छ। विलियम्सले आफ्नो लेखनमा समाजसित संस्कृतिको जीवन्त र सिर्जनात्मक सम्बन्ध रहने कुरामा जोड दिएका छन्। उनको यस व्याख्यामा सहयोग पुऱ्याउने केन्द्रीय अवधारणा अनुभूतिको संरचना भएको देखिन्छ। विलियम्सद्वारा प्रतिपादित साहित्य र अनुभूतिको संरचनाका सम्बन्धमा भनिएको छ-

> महान् साहित्य र त्यसको उत्पादनमा संलग्न सामाजिक वर्ग दुवैको वास्तविक अर्थवत्ता प्रमाणिक मूल्यहरूको खोजी र दुवैको बिच हुने सङ्घर्षमा निर्भर रहन्छ। प्रामाणिक मानव समाजमा यस्तो मूल्य मानवीय आवश्यकता, आकाङ्क्षा, अपेक्षा आदिका माध्यमबाट पारस्परिक सामाजिक क्रिया प्रतिक्रिया हुन्छन्। समाजशास्त्रीको कार्य साहित्यिक रचनामा ऐतिहासिक सामाजिक प्रतिबिम्बको खोजी गर्नु मात्र नभई विशिष्ट साहित्यिक कृतिमा रहेको मूल्यको प्रकृति स्पष्ट पार्नु पनि हो। यसै कार्यलाई रेमन्ड विलियम्सले अनुभूतिको संरचना भनेका छन्। (जैन, सन् १९९२, पृ. ६)

जैनको यस अभिव्यक्तिबाट विलियम्सको अनुभूतिको संरचनाको विश्लेषण गर्दै अनुभूतिलाई भावका रूपमा प्रयोग गरिएको कुरा स्पष्ट हुन्छ। भाव भन्नु नै अनुभूति हो र साहित्यमा हुने अनुभूतिलाई भाव वा विचारका रूपमा व्याख्या गर्दै सामाजिक सम्बन्ध स्पष्ट पार्न सकिने धारणा यसमा प्रस्तुत गरिएको छ। विलियम्सका विचारमा कुनै कालको कला, साहित्यको अध्ययनबाट त्यस समयको भौतिक जीवन सामाजिक सङ्गठन आदि बारे बोध गर्न सकिन्छ। यसरी साहित्य र समाजको सम्बन्ध खोज्दा त्यसमा यस्तो कुरा बाँकी रहन्छ जसलाई बाह्य कुनै वस्तुसँग जोड्न मुस्किल हुन्छ। त्यसलाई उनी एक कालको अनुभूतिको संरचना मान्दछन् (क्षेत्री, २०५४, पृ. ४४ )। यस मान्यताको आधार संस्कृति केन्द्री छ। यस क्रममा : उनले संस्कृतको तीन रूपको चर्चा गरेका छन। पहिलो संस्कृति जीवन्त अनुभवका रूपमा रहन्छ। दोस्रो यसको रूप दस्ताबेजी हुन्छ जुन कलाकृतिदेखि अन्य वस्तुहरूमा प्रकट हुन्छ र तेस्रो रूप भनेको माथिका दुवैको सम्बन्धबाट बन्दछ जसलाई खास (छानिएको) परम्पराको संस्कृति भनिन्छ। विलियम्सका विचारमा संस्कृतिको दस्ताबेजी रूप दर्शन, कृति, मानवीय स्वभाव आदिमा अभिव्यक्त हुन्छ। उनी संस्कृतिलाई समग्र जीवनको पद्धतिका रूपमा परिभाषित गर्दै यसैबाट समाजको स्वरूप बन्छ भन्ने धारणा प्रकट गर्दछन् (पाण्डेय, २०६९, पृ. ५६)। विलियम्सले समाज, संस्कृति र साहित्यलाई परम्पराको विभिन्न भूमिकामा विवेचना गरेका छन्। उनका अनुसार कुनै समाजमा कुनै काल विशेषमा निश्चित व्यवहार, मूल्य र परम्पराले ठूलो हिस्सा ओगटेको हुन्छ,

जसलाई प्रभुत्वशाली संस्कृति पनि भन्न सकिन्छ। यससँगै नयाँ संस्कृतिको परम्परा स्थापना गर्न चाहने एउटा वैकल्पिक व्यवस्था पनि हुन्छ। यी दुवै भन्दा भिन्दै उदीयमान व्यवस्था पनि समाजमा हुन्छ। समाजमा नयाँ मूल्य र अर्थ नयाँ व्यवहार नयाँ अनुभव निर्मित हुँदै जान्छन् वा नवीन स्थापनाहरूलाई आफूभित्र समाहित गर्दै जाने प्रयास प्रभुत्वशाली र वैकल्पिक दुवै संस्कृतिले गर्ने कुरा उल्लेख गरिएको छ।

अनुभूतिको संरचनालाई साहित्य अध्ययनको विषय बनाउनुपर्छ भन्ने व्यक्ति रेमन्ड विलियम्स हुन्। उनका अनुसार विश्वास, व्यवस्था, संस्था, व्यक्ति समान्य सम्बन्ध अर्थात् विचारबाट पर जो चेतना हुन्छ, त्यही अनुभूतिको संरचना हो (पाण्डेय, २००६, पृ. १८४)। उनले कुनै कलाकृतिको अध्ययनपछि प्राप्त हुने विशिष्ट प्रकारको अनुभव नै अनुभूतिको संरचना हो। यो कुनै खास समयको खास समाजको संस्कृति पनि हो। उनले रचनामा भएको अनुभूतिको संरचनाबाट सामाजिक जीवनमा भएका अनुभूतिको संरचनालाई पहिचान गर्ने प्रयास गर्दछन् भन्ने विचार प्रकट गरेका छन् (पाण्डेय, २००६, पृ. १८४)। साहित्यका निम्ति उसले अनुभव गरेका विषयलाई कलात्मक शब्दका माध्यमले अभिव्यक्त गर्न आवश्यक हुन्छ। ऐतिहासिक रूपमा संस्कृतिको अध्ययन गरिनुपर्दछ। ऐतिहासिक परिस्थितिहरू स्वयम् व्यवहारका माध्यमबाट बदलिरहन्छन् वा परिवर्तका सम्भावनाहरू लुकेका हुन्छन्। एककालिक रूपमा गरिने अध्ययनबाट संस्कृतिको पूर्ण अध्ययन हुन सक्दैन। यसो गर्दा समाजमा तीन कसिमका पिँढी हुन्छन्। ती पिँढीहरूले आपसी अन्तर्सम्बन्धका माध्यमबाट आ-आफ्नो अनुभूतिको संरचना निर्माण गर्दछन्। ती पिँढीहरूको अन्तर्सम्बन्धमा पनि परिवर्तन आउछ, नैतिकता र आदर्शयुक्त सामाजिक चरित्रबाट जन्मने अनुभूतिको संरचनाले समाजमा अप्रत्यक्ष रूपमा दबाब र तनाब जन्माउन सक्छ र प्रभुत्वशाली संस्कृतिको ठाउँमा नयाँ संस्कृतिको स्थापना गर्ने प्रयास गर्दछ। यी तीन पिँढीका आफ्ना मूल्य र मान्यता हुन्छन्। एकले अर्कोलाई विस्थापित गरेर आफूलाई स्थापना गर्न खोज्छन्, अनि दबाब र तनाब उत्पन्न हुन्छ। दबाब र तनाबको समाधान वैकल्पिक वा उदीयमान पिँढीले प्रस्तुत गर्दछ, प्रभुत्वशाली पिँढीले होइन। यही दबाब र तनाबको बिचबाट सामाजिक परिवर्तनहरू भइरहन्छन्। पुराना मूल्यहरू विस्थापित हुन्छन् र नयाँ मूल्यहरू स्थापित हुन्छन् यही विस्थापन र स्थापनको स्थिति नै विलियम्सको धारणा रहेको पाइन्छ।

विलिम्सले अनुभूतिको संरचनालाई पिँढीगत परिपेक्ष्यमा हेर्ने क्रममा प्रभुत्वशाली (अभिजात्य) र वैकल्पित (अधीनस्थ) पिँढीका आ-आफ्नै अनुभूतिको संरचना हुने अनि प्रभुत्वशाली पिँढीले आफ्नो संस्कृतिजन्य अनुभूतिलाई अधीनस्थ पिँढीमाथि नजानिदो ढङ्गले विस्तार गर्ने प्रयास गरिरहने कुरा व्यक्त गरेको देखिन्छ। यसकै आधारमा पनि कलाकृतिमा प्रस्तुत अनुभूतिको संरचनाको विश्लेषण गर्न सकिने धारणा अघि सारिएको छ। विलियम्सले विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई, सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएको देखिन्छ। कुनै पनि पाठलाई अंशमा पूर्ण र पूर्णमा अंश गरी दोहोरै हेरेर मात्र बुझ्न सकिने धारणा राखिएको छ। यसलाई उनले सामाजिक व्यवस्थाको वास्तविक रूप पहिचान गर्ने विशिष्ट अवधारणा मानेको पाइन्छ। यो सामाजिक अनुभूत र व्यक्तिगत अनुभूत दुवैलाई जोडेर हेर्ने धारणा हो, छुट्ट्याएर होइन यो भनेको लेखिएको पाठलाई हेर्ने मात्र होइन लेख्य सामग्रीभन्दा बाहिरको संसारसँग पनि त्यसको सम्बन्ध हुन्छ र त्यसलाई पनि हेरिनुपर्छ भन्ने धारणा हो (पाण्डेय, ताराकान्त, २०७३, पृ. ३३-३४) भनिएको

छ। विलियम्सको धारणामा समाजमा पहिलो पिँढी शासक वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो पिँढीले अघिल्लो पिँढीको प्रभुत्वको विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्दछ। यसै क्रममा दबाब र तनाबको सिर्जना हुन्छ। त्यसको समाधान स्वरूप तेस्रो पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ - नयाँ अनुभूतिको संरचना जन्माउँछ। यसरी प्रत्येक काल खण्डमा समाजमा यिनै तीन पिँढीहरूका आ-आफ्ना अनुभूति हुन्छन् वा हरेक कलाकृति यिनै अनुभूतिको संरचनाको उपज मानिन्छ। प्रस्तुत अध्ययनमा रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यताको आधारमा ऋषिराज बरालको 'विकासको कुलो' कथाको विश्लेषण गरिएको छ।

**'विकासको कुलो' कथाको आख्यान सन्दर्भ**

'विकासको कुलो' कथामा विपन्न पहाडी समुदायका निमुखा वर्गमाथि सम्भ्रान्त वर्गले दशकौंदेखि सामन्तवादी शासनको आडमा शोषण, अन्याय, अत्याचार गर्दै आएको पाइन्छ। लगभग ४० वर्षअगाडिको नेपाली समाजमा पञ्चायती सामन्ती शासन व्यवस्थाका प्रतिनिधि तथा टाठाबाठा वर्गले निमुखा विपन्न वर्गप्रति उनीहरूको राजनैतिक, शैक्षिक, आर्थिक पछौटेपनको फाइदा उठाई आफ्नो स्वार्थ सिद्धि गर्दै आएको कुरा स्पष्ट पारिएको छ। यस कथामा एकातर्फ आर्थिक रूपले विपन्न तर इमान्दार दलित वर्ग छन् भने अर्कोतर्फ सामन्ती शासनको आडमा आफ्नो स्वार्थ सिद्ध गर्ने जाली फटाहा साहुहरू छन्। गरिब किसानको हकहितको संरक्षण गर्ने उद्देश्यले राज्यले भूमि सुधार लागु गऱ्यो। जसको जोत उसको पोत भन्ने यसको नारा बनाइयो तर वास्तविक जोताहाको संरक्षण हुन सकेन। दलितहरू जति सबै कुनै न कुनै साहुका हली थिए। जाली फटाहा सामन्तहरूले हलीहरूलाई उनीहरूले जोतेको खेतको विवरण सहितको फारम भर्नबाट वञ्चित गराउन अनेक जालझेल गरेको कुरा स्पष्ट हुन्छ। गाउँमा भएका विकासात्मक कामबाट गरिब जोताहालाई नै लाभान्वित हुनबाट वञ्चित गराउन के कस्ता दाउपेच र षडयन्त्रका चक्रव्यूह रच्दथे भन्ने वस्तविकताको दारुण चित्रणमा कथा केन्द्रित रहेको पाइन्छ।

प्रस्तुत कथामा बूढो दमाईसँग कान्छो बसेको देख्दा बूढी दमिनी भक्कानिएर रोएकी हुन्छे। गाउँमा कुलो खन्ने प्रसङ्ग चलेको हुन्छ, दलितहरूमा कुनै उत्साह देखिँदैन। गाउँमा जति नै विकास भए पनि उनीहरूका दिन फिर्ने होइनन्, त्यसैले उदास देखिन्छन्। २०२२ सालको कुरा हो, भर्खरै भूमिसुधार लागु भएको, पञ्चहरूले काङ्ग्रेसले गर्न नसकेको काम हामीले गरौँ भन्दै गाउँभरि हिडेका हुन्छन्। जसको जोत उसको पोत हुने भयो, हलीहरू जति सबै धनी हुने भए भन्ने हल्लाले दलितहरूमा आसा पलाएको हुन्छ। बूढो दमाईको छोरो सुन्दरेले सबैलाई फारम भर्नुपर्छ, नाम लेखाउनुपर्छ, भन्दै सचेत गराउँदै हिडेको देखिन्छ। साहुहरूले आफ्नो स्वार्थमा बाधा उत्पन्न हुने देखेर बढी चासो रख्ने जतिलाई धम्काउने गरेको पाइन्छ। त्यसको भोलिपल्ट सुन्दरे झुन्डिएर मरेको खबर गाँउभरि फैलिन्छ। गाउँमा पुलिस आए, प्रधानपञ्चले भूमिसुधारका विरोधी यी यी हुन् भनेर सुन्दरेका साथी जतिको नाम दिन्छ। कोही ज्यानमाराको अभियोगमा त, कोही भूमिसुधारको विरोधीको अभियोगमा जेल पर्छन। कान्छो भर्खरै जेलबाट छुटेर आएको हुन्छ, त्यसैले बूढी दमिनी भक्कानिएर रुन्छे।

कुलो खन्ने कुरा गाउँभरी फैलिन्छ। कुलो विशेषगरी पुहुनीहरूका लागि खनिदै छ, कुलो आइसकेपछि मल र बीउको पनि व्यवस्था गरिने छ भनेर साहुहरूले पुहुनीहरूलाई मखख पार्ने काम गरेर सरकारले अनुदान दिएको भए तापनि जनश्रम र चन्दा सङ्कलन गरेर कुलो निर्माण गर्ने प्रस्ताप प्रधानपञ्चद्वारा पारित गरिन्छ।

पुहुनीहरूले पहरा फोर्छन्, ढुङ्गा पल्टाउँछन्, भोक भन्दैनन्, तिर्खा भन्दैनन्, पसिना र रगत बगाउछन्, लुरेले ज्यान गुमाउँछ, तीन महिनासम्म पुहुनीका घरका परिवारले सिस्नो र भ्याकुर खोजेर खाएका हुन्छन् । कुलो गाउँमा आएपछि दुःखको अन्त्य हुन्छ भन्ने सपना देख्छन् । कुलो गाउँको नजिक पनि आइपुग्यो सबैले खुसीका आँसु पानीमा तरर झार्छन् । त्यही पानीले पसिना पखोका हुन्छन् । गाउँमा सि. डि. ओ. आए, ओभरसियर आउछन् । पुहुनीका बस्तीसम्म कुलो जान नदिनका निम्ति प्रधानपञ्चले अनेक जाल-प्रपञ्च रचे कुलो साहुहरूको बस्तीतिर मोडिन्छ । यसको विरोध गर्नेलाई सत्ताको तुजुक देखाउँदै धम्काउने काम गरिन्छ । साहु र पुहुनीहरू बिच भनाभन हुँदै जाँदा भीड जम्मा हुन्छ र भीडले आफू घेरिएको देखेर प्रधानपञ्च अत्तालिएर अक्क न बक्क हुन्छ, कराए भीडबाट एउटाले वाण छेड्छ यो विकास हो विकास, भीड गलल हाँस्छ र कथा समाप्त हुन्छ ।

## 'विकासको कुलो' कथामा पिँढीगत संस्कृतिक र प्रभुत्वका कारण सिर्जित अनुभूति

'विकासको कुलो' कथामा नेपालको पहाडी भागमा सामन्तवादी सामाजिक व्यवस्थाको परिवेशलाई समेटिएको छ । यसमा पञ्चायतकालीन समाजमा पञ्चहरूले अनेक जालझेल, छलकपट गरी निमुखा विपन्न वर्गलाई शोषण गर्ने चरित्रको उद्घाटन गरिएको छ । यसैले यस कथाको सामाजिक संरचना र यसै अनुरूपको अनुभूतिको संरचनामा सामन्तवादी सामाजिक संरचनाको संस्कृति नै कारक बन्न पुगेको देखिन्छ । आर्थिक दृष्टिले साहुहरू व्यक्ति पात्र भएर पनि एउटा सिङ्गो सामन्त वर्गका प्रतिनिधि पात्रका साथै पिँढीगत दृष्टिले तत्कालीन समाजका प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् । यो पिँढीले आफ्नो आर्थिक मात्र होइन सांस्कृतिक प्रभुत्व कायम राखेर अर्को पिँढीलाई अधीनस्थ बनाउन प्रयासरत छ । तत्कालीन नेपालको पहाडी समाजमा सामन्तहरूको अन्याय, अत्याचार र शोषण व्याप्त भएको पाइन्छ । प्रभुत्वशाली वर्गको चरित्र वा संस्कृति पनि प्रभुत्वशाली नै हुन्छ । प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीलाई आफूमा समाहित गर्न खोज्नु स्वाभविक नै हुन्छ । गाउँमा डोर आउने बेलामा साहुहरूले पुहुनीहरूलाई भनेका कुराले यस भनाइलाई पुष्टि गर्दछ । साहुहरू भन्दछन्- "सुन हाम्रो गाउँमा डोर आउदै छ, नियम कानुनका कुरा तिमीहरूलाई थाहा छैन तर तिमीहरूले पीर गर्नु पर्दैन जे गर्न पर्ने हो हामीहरूले गरिहाल्छौं (पृ. ३३) ।" यस भनाइबाट साहुहरूले कानुनलाई अफ्नो बसमा राख्न अनेक जालझेल गरेको देखिन्छ । पुहुनीहरूले आफ्नो उद्देश्यमा बाधा पुऱ्याउँछन् कि भन्ने डरले साहानुभूतिको भाषा बोल्दै तिमीहरूले पीर गर्नुपर्दैन सबै कुरा हामी गर्छौं भन्दा तिमीहरूले चासो नराख भन्ने आशय स्पष्ट हुन्छ । दलित युवाहरूले आफूले बुझेका कुरा गाउँमा अरूलाई पनि बुझाउने काम गरेका हुन्छन् । आफूभन्दा जन्ने बुझ्ने अरू हुन्छन् कि भन्ने डरले साहुहरू रिसले चुर भएर गाली र धम्कीको भाषा बोल्दै चूप रहन दबाब दिन्छन् । यसले प्रभुत्वशाली पिँढीको संस्कृति स्पष्टसँग अभिव्यक्त भएको देखिन्छ । भूमिसुधारले ल्याएको जसको जोत उसको पोत भन्ने नारासहित गाउँमा डोर आउँदा जोताहाहरूले आफ्नो जीवनमा परिवर्तन आउने सङ्केत देखी यसरी खुसीको अनुभूति गरेको सन्दर्भ प्रस्तुत छ- "अब त हलो जुवा अफ्नै खेताँ नारिन्छ," -कोही भन्थे । कोही औँलामा हिसाब लगाउँथे- "साठी मुरी, चालीस मुरी....एकहल मेलो..... मुरीमाटो .... (पृ. ३३) ।" निच्छल, सरल स्वभावका पुहुनी हलीहरूले साहुहरूको कुटिल चरित्रको दुष्परिणामको अनुमान पनि गर्न सकेका हुँदैनन् । हलीहरूको खुसी किन र कसरी समाप्त भयो भनेर खोज्दा जब आफूले जोतेको खेत अड्डामा गएर आ-आफ्नो नाम लेखाउनुपर्छ भन्ने सुन्दरेको भनाइबाट साहुहरू र

पुहुनीहरूबिच भनाभन सुरु हुन्छ। त्यसकै भोलिपल्ट सुन्दरे झुण्डिएर मरेको खबर गाउँभरि फैलिन्छ। यो पक्कै साहुहरूको कैफियत हो भनेर सबैले लख काटे पनि तर कोही बोल्न सक्दैनन्। उल्टो साहुहरूले सुन्दरेका साथीहरूलाई नै हत्याको अभियोगमा जेल हाल्ने काम गर्दछन्। यस परिघटनाले प्रभुत्वशाली सामन्त वर्गको चरित्रको परिचय मात्र नभएर ग्राम्सीले भने झैं प्रभुत्वशाली संस्कृतिलाई दोस्रो पिँढीले आफ्नै संस्कृति ठानी भ्रमवश ग्रहण गर्दै जान्छन भन्ने कुराको सङ्केत पनि पाइन्छ। यसरी वस्तविकताको खोलुवा गर्न नसक्दा पुहुनीहरूको खुसी समाप्त भएर जान्छ। यहाँ प्रभुत्वशाली पिँढीको संस्कृतिले अधीनस्थ पिँढीमाथि प्रभुत्व स्थापित गर्न खोज्दा वा प्रभुत्वशाली संस्कृतिको विकल्पमा नयाँ संस्कृतिको खोजी गर्दै गर्दा दबाब र तनाबको स्थिति सिर्जना भएको स्पष्ट देखिन्छ।

सरकारको अनुदानबाट कुलो खनिने भनिए पनि श्रमदान र चन्दा उठाएर खन्ने भन्ने प्रधानपञ्चको प्रस्तावमा केही युवाहरूमा शङ्का र अनिश्चितता उत्पन्न भए पनि सबै पुहुनीहरूले स्वीकार गरेको कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ- "आफ्नो झुप्राझुप्राबाट पुहुनीहरू हातमा कोदालो, बञ्चरो, खुर्पा, घन र अरू समानहरू लिएर निस्के र माथि डाँडामा जम्मा भए (पृ. ३५)।" साहुहरूको नियतप्रति सचेत युवाहरूमा आशंकाको अनुभूति देखिए पनि आफूले राखेको विमतिमा आफ्नै वर्गका पिँढीले पनि साथ दिएका हुँदैनन्। यहाँ प्रभुत्वशाली पिँढीको संस्कृतिलाई अधीनस्थ पिँढीले आफ्नै संस्कृति ठानी भ्रमवस स्वीकार गरेको देखिन्छ। आफ्नै वर्ग समूहमा साहुहरूको कुटिल चालको प्रदाफास गर्न सक्षम नभए पछि युवाहरू पनि साहुहरू कै प्रस्तावलाई स्वीकार गर्दै कुलो खन्ने काममा सामेल भएबाट प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि आफ्नो संस्कृति स्थापित गरउने प्रयासमा सफल भएको देखिन्छ। कुलो खन्न हिडेको लस्करलाई देख्दा पुहुनीहरूका आँखामा नयाँ आशा र खुसीको अनुभूति प्रस्ट देखिन्छ। तीन महिनाको लगातार परिश्रमपछि कुलो भन्ज्याङ्सम्म आइपुग्छ। पुहुनीका घरका परिवारले सिस्नो र भ्याकुर खाएर बसेका छन्, आमाहरू आफ्ना बालबच्चाहरूलाई यसो भन्छन- ''बा कुलो खन्न गएका छन्- कुलो हाम्रो बारीमा आउँछ.....अनि पेटभरी खान पाइन्छ'' (पृ. ३६)। जीवनलाई सोझो र सरल ढङ्गले मात्र बुझेका विपन्न समुदायले समन्तको कुटिल चालको आँकलन गर्न नसकेर यस किसिमको अनुभूति गरिरहेका हुन्छन्। यसै क्रममा गाउँमा सि. डि. ओ. आउँछ। प्रधानपञ्चको घरमा भतेर पकाउँछन्। भोलिपल्ट पुहुनीहरूको टोलतिर कुलो लान खोज्दा रोक्न खोज्दै प्रधानपञ्च र अरू साहुहरूले भनेको सन्दर्भ यसप्रकार छ- ''तलबाट कुलो लान नमिल्ने भएकाले ओभरसियरले माथिबाट कुलो लान जाँचपास गरेका छन् र सि. डि. ओ. साहेबले माथिबाट कुलो लान आदेश दिनुभएको छ'' (पृ. ३६)। यस भनाइबाट समाजमा प्रभुत्वशाली पिँढीले सामन्ती सत्ताको आडमा अधीनस्थ पिँढीमाथि आफ्नो संस्कृतिको प्रभुत्व स्थापित गर्ने प्रयास भएको प्रस्ट देखिन्छ। तत्कालीन समाजमा सामन्ती संस्कृतिमा आधरित प्रभुत्वशाली पिँढीका विकल्पमा वैकल्पिक संस्कृतिको विकास पनि नभइसकेको तर नयाँ संस्कृतिको उदय गराउनमा वैकल्पिक पिँढी प्रयासरत रहेको कुरा यस साक्ष्यले पुष्टि गर्छ। ''हैन प्रधानज्यू त्यति बेला त तलबाट कुलो खन्ने भन्या होइन'' कान्छोले भन्यो" (पृ. ३६)। यहाँ पुहुनीहरूले आफूमाथि साहुहरूले घोर अन्याय गर्दै छन् भन्ने अनुभूति गरिरहेका छन्। उनीहरूले पूर्ण रूपमा प्रभुत्वशाली संस्कृतिलाई विस्थापित गरेर वैकल्पिक संस्कृतिको स्थापना गर्नमा सफल देखिदैनन् तर सङ्घर्षरत छन्। प्रभुत्वशाली संस्कृतिलाई सहज रूपमा स्वीकार्न पनि सकिरहेका छैनन्। यहाँ नेपाली समाजको एउटा काल खण्डको विशिष्ट अनुभूति र अवस्थाको प्रभावकारी चित्रण गरिएको छ।

प्रभुत्वशाली पिँढीले पनि आफ्नो संस्कृतिलाई अधीनस्थ पिँढीमाथि जबरजस्ति लाद्न खोजिरहेको प्रभुत्व कायम राख्न निक्कै सङ्घर्ष गर्नुपरेको कुरा प्रधानपञ्चको यस भनाइबाट स्पष्ट हुन्छ - ''बाठो हुन्छस् ज्यानमारा डुम अहिले पुलिस बोला'र बाध्न नसके त । यो सब मेरो काम हो बुझिस ? खन्न मन लागे माथिबाट खन, नत्र कोशीपारीका भोटे मगा'र खनाउछु'' (पृ. ३७) । यस भनाइले पुलिस प्रशासन, कानुन सबै प्रधानकै वशमा भएको निमुखा गरिबमाथि डर, त्रास, धाक, धम्की देखाएर भए पनि आफ्नो प्रभुत्व लाद्न खोजिरहेको अनुभूति हुन्छ । यसले तत्कालीन समाजमा सामन्तहरूको प्रभुत्व कति व्याप्त थियो र गरिबहरू कतिसम्म निरिह थिए भन्ने कुरालाई स्पष्ट पारेको पाइन्छ । प्रधानपञ्च र साहुहरूको दाउपेच थाहा पाएपछि छलकपट नजान्ने सरल स्वभाव भएका पुहुनीहरूका बल्ल आँखा खुल्छन् र यस किसिमको अनुभूति गरिरहेका छन्- ''मैले त यस्तै हुन्छ भन्याथे त्यतिबेला (पृ. ३७)'' कान्छोले झर्केको स्वरमा भन्छ । कुलो खन्ने कुरा साहुहरूले गरेकै बेलामा कान्छोले केही छ है रहस्य भन्ने आशंका उठाएको थियो त्यो आशंका सत्यमा परिणत भएपछि त्यति बेला आफ्नो कुरालाई सबैले साथ नदिएकोमा असन्तुष्टि पोख्छ । काहलीलाग्दो दुःखी जीवनबाट मुक्तिको सपना देखेका थिए, जुन पुरा हुन नसक्ने देखेपछि प्रभुत्वशाली संस्कृतिलाई बाध्यतावश ग्रहण गर्नुपरेकोमा यस किसिमको निरासापूर्ण अनुभूति गरेको सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत भएको छ- "सबैले आ-आफ्ना हातका ठेलालाई हातले चलाएर धेरैबेरसम्म हेरिरहे । फुटेर छरछर्ती रगत बगेको पैतालातिर हेरे । भोको पेट र जीउतिर हेरे । कुलो पर्खेर बसेका घरहरूतिर हेरे । कस्तो अचम्म यो (पृ. ३७) ?'' यसरी सामन्तवर्गको ज्यादति शोषणको पराकाष्ठ देख्दा आफूमाथि लादिएको प्रभुत्वबाट थिचिएको अनौठो अनुभूति गरेको पाइन्छ ।

गरिबहरूमाथि अन्याय गरेर प्रभुत्व स्थापित गर्न सफल भएको अनुभूत गर्दै यसमा ठुलै गर्व ठानी प्रधानपञ्च यसो भन्छन्- ''यस्तो हुन्छ राजनीति भन्या' बुझ्नु भो' तिनरूका करेसाँ पानी पुगेपछि हामीले गाउँमा नबसे पनि हुन्छ, हम्रा खेत जोत्छन् यिनरूले ? टेरपुच्छार लाउछन् हामीलाई (पृ. ३७) ?'' यसरी प्रधानपञ्चले सबैका सामु आफूलाई खुब बुद्धिमानी भएको र निकै चलाखीसाथ कुटनीति लगाएको खुलासा गरेर आफ्नो स्वार्थ पूरा गर्न सफल भएकोमा गर्वको अनुभूति गरिरहेको देखिन्छ । कथामा अन्याय, अत्याचार र शोषणको पराकाष्ठ प्रस्तुत भएको छ । परिणामस्वरूप पुहुनीहरू सामन्तका विरुद्धमा एकजुट भएर आवाज उठाउँदै यसो भन्छन् - "चार महिनासम्म कुलो खनाउनु भो,' गाउँका मुखाँ कुलो आएपछि नियम कानुन देखाएनु भो,' उल्टै हामीले पो विकासका काममा बाधा पाऱ्यो...(पृ. ३९) ।'' यसरी साहुहरूका विरुद्धमा पुहुनीहरू उत्रिएका छन्, प्रधानपञ्चलाई गरिब किसानहरूले घेरिसकेका हुन्छन् । प्रधानपञ्च आफू घेरिएको देखी एक्लो महसुस गरेर अत्तालिएर एक किसिमको डर र त्रासको अनुभूति गरेको कुरा उपन्यासमा चित्रण गरिएको छ । पुहुनीहरू भने प्रधानपञ्चको त्यस अवस्था देखी आफूहरूले विजय प्राप्त गरेको अनुभूति गरेर गलल हाँसेको देखिन्छ । यस कथाको सुरुमा प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि आफ्नो प्रभुत्व कायम राख्न सफल भएको र वैकल्पिक पिँढीले नयाँ संस्कृतिको विकल्प खोजी गरिरहेको देखिन्छ । प्रभुत्वशाली पिँढीको संस्कृतिलाई पनि सहज रूपमा स्वीकार्न नसकेको अवस्था प्रस्तुत छ । दुवै पिँढी आ-आफ्नो संस्कृति स्थापित गर्न प्रयत्नशील भएको देखिन्छ । यसले निकै दबाब र तनाबको स्थिति सिर्जना भएको स्पष्ट हुन्छ । कथाको अन्तमा प्रभुत्वशाली पिँढीको संस्कृतिको विकल्पमा नयाँ संस्कृतिका रूपमा उदीयमान पिँढी स्थापित भएको यथार्थ प्रकट गरिएको छ ।

प्रस्तुत कथामा प्रयोग गरिएका पात्र व्यक्तिगत पात्र नभएर प्रतिनिधि पात्र देखिन्छन् । प्रधानपञ्च र साहुहरू प्रभुत्वशाली पिँढी वा समुदायको प्रतिनिधि पात्र हुन्, जसले समाजमा छलकपट दाउपेचको संस्कारको परिचय दिएको स्पष्ट हुन्छ । पुहुनी भनिएका किसानले अधीनस्थ पिँढीको प्रतिनिधित्व गरेको पाइन्छ । जो सामन्त वर्गको प्रभुत्वमा परी अनेक अन्याय, अत्याचार सहन विवस भएका देखिन्छन् । यसरी प्रस्तुत कथामा पिँढीगत प्रभुत्व र सांस्कृतिक चेतना अनि त्यस संस्कृतिले अर्को पिँढी वा संस्कृतिमा पारेको गहिरो प्रभावलाई निकै पेचिलो रूपमा प्रस्तुत गरिएको छ ।

**'विकासको कुलो' कथामा दबाब र तनाबका कारण सिर्जित अनुभूति**

'विकासको कुलो' कथामा सामन्तवादी समाज व्यवस्थाको चित्रण गरिएको छ । प्रभुत्वशाली सामन्ती संस्कृतिले अर्को पिँढी वा समुदायमाथि पारेको चौतर्फी दबाब र यसले उत्पन्न गरेको तनाब अनि यसकै कारण सिर्जित अनुभूतिबाट नै यस कथाको संरचना निर्माण भएको पाइन्छ । साहुहरू र प्रधानपञ्च जस्ता प्रभुत्वशाली पिँढीको अन्याय, अत्याचार र सामन्तवादी हेपाहा प्रवृत्तिले पुहुनीहरू जस्ता विपन्न समुदाय वा पिँढीमा उत्पन्न भएको विशिष्ट अनुभूतिबाट नै कथाको अन्र्तवस्तु निर्माण गरिएको छ । सामन्तवादी समाज व्यवस्थामा विपन्न समुदायले गरिरहेको जीवन अनुभूति नै कथाको मूल मर्म रहेको स्पष्ट हुन्छ । कथामा प्रभुत्वशाली सामन्त वर्गको शोषण तथा कपटपूर्ण व्यवहारले सिर्जना गरेको दबाबजन्य अनुभूति प्रस्तुत भएको पाइन्छ । कथानक सुरुदेखि अन्त्यसम्म नै दबाबबाट उत्पन्न भएको तनाबपूर्ण द्वन्द्वमा नै केन्द्रित भएको देखिन्छ । कथाको आरम्भमा नै बूढी दमिनी कान्छोलाई देख्दा भक्कानिएर रोएकी हुन्छे । कान्छो आफ्नो छोरा सुन्दरेको दामली भएको र सुन्दरे भूमिसुधार लागु भएको बेला आफ्नो अधिकारको कुरा गर्दा साहुहरूको षडयन्त्रको सिकार बन्न पुगेको कुरा बूढी दमिनीले भुल्न नसकेको कुरा उपन्यासमा चित्रण गरिएको छ । गाउँमा कुलो खन्ने प्रसङ्ग छ । साहुहरूको कपटपूर्ण व्यवहारले गरिबहरूमा उत्साह देखिन्न । कुलो खन्दा सरकारी अनुदान भनिए पनि श्रमदान र चन्दा उठाएर काम सुरु गर्ने भन्ने प्रस्तावबाट एक किसिमको शङ्का उत्पन्न भएको देखिन्छ । यसैबाट दबाब र तनाबको स्थिति सिर्जना भएको पाइन्छ । सामन्तवादी समाजमा विपन्न वर्गका सोझा सरल स्वभाव भएका समुदाय के कस्तो दबाब र तनाबमा बाँचिरहेका छन् भन्ने कुराले निकै मार्मिकताको बोध गराएको स्पष्ट हुन्छ । समाजमा विपन्न वर्गमाथि सामन्त वर्गले आफ्नो प्रभुत्व कायम राख्न अनेक जालझेल छलकपट गर्छन भन्ने कुरा देखाइएको छ । तिनै सोझा गरिबहरूको प्रयोग गरेर आफ्नो स्वार्थ पुरा गर्न अनेक कुटनीति अपनाउने प्रवृत्ति रहेको पाइन्छ । शोषित वर्गलाई आफू शोषित भएको कुरा महसुस् हुँदाहुँदै पनि प्रभुत्वशाली पिँढीको प्रभुत्वमा थिचिन विवस हुनु पर्दा दबाब र तनाबको स्थिति सिर्जना भएको देखिन्छ । विपन्न वर्गले यिनै तनाबहरूको समाधानको विकल्पको खोजी गरिरहेको सन्दर्भ प्रस्तुत छ । अधीनस्थ पिँढीको यो प्रयास सामाजिक परिवर्तनसँग सम्बद्ध देखिन्छ । कथाको अन्त्यमा त्यस्तै किसिमको घटनाले प्रभुत्वशाली पिँढीको संस्कृतिले विस्थापनको अवस्थामा र नयाँ संस्कृतिको उदीयमान हुने अवस्थाले प्रभुत्वशाली पिँढीमा पनि दबाब र तनाबको अवस्था सिर्जना गरिएको छ । कथामा अधीनस्थ पिँढीलाई शोषणका विरुद्ध क्रातिकारी र विद्रोही पात्रका रूपमा प्रस्तुत गरिएको छ । तत्कालीन समयको यथार्थपरक अभिव्यक्तिप्रति प्रतिबद्ध रहेर क्रान्तिकारी परिवर्तनको आह्वान गरेको प्रस्ट हुन्छ । दलित समुदायलाई यस कथामा व्यक्तिगत पात्र भन्दा पनि उत्पीडन

र थिचोमिचोको विरुद्ध क्रान्तिकारी समुदाय वा पिँढीको प्रतिनिधिका रूपमा प्रस्तुत गरिएको छ। गाउँमा कुलो खन्ने विषयमा प्रधानपञ्चले खल्तीबाट एउटा कागज झिकेर पढ्न थालेको प्रसङ्ग यस प्रकार छ-

> हाम्रो गाउँको विकासको लागि सरकारले माथि लेखकदेखि हाम्रो गाउँसम्म कुलो खनिदिने भएको छ। विशेष गरी यो पुहुनीहरूका लागि खनिने भएको छ। पानी आइसकेपछि संस्थाको स्थापना गरेर मल बीउको व्यवस्था गरिने पनि योजना छ। .... कुलाको एक चौथाइ भाग जनश्रमदानबाट पुरा गर्ने बाँकी सरकारी अनुदानबाट पुरा गर्ने लक्ष्य छ। हाल रकम निकासा नभैसकेकाले जनश्रमदान र चन्दा असुल गरेर काम चलाउने र पछि हिस्सा मिलाउने। (पृ. ३४)

यस भनाइले पुहुनीहरूमा पहिलो पटक दबाब सिर्जना भएको देखिन्छ। सरकारी अनुदान कति हो ? जम्म कति चन्दा उठाउने ? कति श्रमदान गर्ने भन्ने विषयले तनाब सिर्जना गराएको स्पष्ट हुन्छ। यस किसिमको तनाबबाट उत्पन्न भएको प्रतिक्रिया स्वरूप कान्छोले जुरुक्क उठेर भन्छ- ''सरकारले दिने भनेपछि चन्दा उठाउने, श्रमदान भन्या फेरि के हो नि (पृ. ३४)।'' यस जिज्ञासाले प्रभुत्वशाली पिँढीको विचारलाई नयाँ पुस्ताले सहजै नस्वीकार्दा प्रभुत्वशाली पिँढीमा पनि दबाब सृर्जना भएको छ। आफ्नो उद्देश्यमा बाधा उत्पन्न हुने हो कि भन्ने तनाबको अनुभूति भएर यही दबाब र तनाबका कारण प्रधानपञ्चले कान्छोमाथि आक्रोष व्यक्त गर्दछन्- "ल....ल....ल यो डुम बाठो भा'को, तैँले यस्तो कुरा बुझेको भा' हाम्रो के काम एइ डुम (पृ. ३४) ?" यस वादविवादले एक पिँढीको संस्कृतिले अर्को पिँढीको संस्कृतिलाई विस्थापित गरेर आफ्नो संस्कृतिको स्थापना गर्न दुवै पिँढी प्रयासरत रहेको हुँदा दुवै पिँढीमा दबाब र तनाबको अनुभूति भएको कुरा प्रस्ट हुन्छ। कान्छो आफूलाई अरूले साथ दिन्छन् कि भन्ने आशा गरेको थियो कसैबाट पनि साथ नपाउँदा निरास स्थिति प्रस्तुत भएको छ। बूढो दमाइले पनि कान्छोको कुराप्रति खासै चासो नराख्नु भनेको प्रभुत्वशाली पिँढीको संस्कृतिलाई भ्रमवस स्वीकार गरेको र सामन्तवादी संस्कृतिले प्रभुत्व स्थापित गर्न सफल भएको देखिन्छ। सामन्तको कपटपूर्ण उद्देश्यको आकलन गर्न विपन्न वर्गले सकिरहेको देखिँदैन र कुलो आएपछि आफ्नो जीवनमा परिवर्तन हुने मिठो सपना देख्छन् तर अन्तर्मनमा कताकता आशङ्का र अनिश्चितताले दबाब र तनाबको अनुभूति अनुहारमा प्रस्ट देखिन्छ।

पुहुनीहरूले रातदिन लगाएर भोक नभनी, प्यास नभनी, पसिना चुहाए, रगत बगाए, हातमा ठेला उठाए पैतालाबाट रगत बगाए कतिले ज्यानै गुमाए यसरी तीन महिनाको लगातार परिश्रमले घरनजिकै भन्ज्याङसम्म कुलो ल्याइपुऱ्याएपछि गिठाभ्याकुर खाएर लामो प्रतीक्षामा बसेका पुहुनीका परिवारमा खुसियाली छाएको पाइन्छ। यसै बखत कुलो पुहुनीका बस्तीतिर नलगेर साहुहरूको बस्तीतिर लैजाने निर्णयले ठुलो दबाब र तनाब उत्पन्न भएको देखिन्छ। पुहुनीको सपना चकनाचुर हुन्छ। साहुहरूको हेपाह र मिचाह पनले पुहुनीहरूमा असैह्य तनाबको अनुभूति हुन्छ। कुलो खन्नु अगाडि कान्छोले जुन किसिमको आशङ्का गरेको हुन्छ त्यो सत्य साबित भएको पाइन्छ। शोषणको उत्कर्ष रूप देखिन्छ। अफू ठगिएको महसुस गर्दै यसरी वादविवाद अगाडि बढ्छ-

> तँ धेरै नकरा डुम। ज्यानमारा बज्या, कुलो खन्ने बेलामा पनि यही डुमले भाँड्न खोज्दै थियो। तँ डुम ओभरसियर भन्दा बाठो भइस ?" सदस्यले कुटुला झै गरी कान्छोलाई भने। "यत्रा दिनसम्म कुलो खनाएपछि आफ्ना घराँ कुलो लान माथिबाट खन्ने रे" सेतेले पनि निकै उत्तेजित

स्वरमा भन्छ। “बाठो हुन्छस् ज्यानमारा डुम, अहिले पुलिस बोला'र तँलाइ बाध्न नसके त। यो सब मेरो काम हो बुझिस् ? खन्न मनलागे माथिबाट खन, नत्र कोसीपारीका भोटे मगा'र खनाउँछु। (पृ. ३७)

प्रधानपञ्चको यस भनाइले पुहुनीहरू अलिकति हच्किन्छन् र मुखामुख गर्छन् यस वादविवादले प्रभुत्वशाली पिँढी र अधीनस्थ पिँढीका बिच दबाब र तनाबको अनुभूतिको सिर्जना भएको पाइन्छ। दुवै आफ्नो संस्कृतिको स्थापना गर्न प्रयत्नशील छन् तर प्रभुत्वशाली पिँढीले अनेक दबाबका बाबजुत पनि आफ्नो संस्कृतिको प्रभुत्व कायम राख्न सफल भएको देखिन्छ। यही दबाब र तनाबको समाधानका निम्ति अधीनस्थ पिँढी वैकल्पिक पिँढीको खोजिमा लागिरहेका छन्। सामन्तहरूसँग प्रतिवाद गर्दै कान्छोले यसो भन्छ- “चार महिनासम्म कलो खनाएनु भो', गाउँका मुखाँ कुलो आएपछि नियम कानुन देखाउनु भो', उल्टै हामिले पो विकासका काममा बाधा पार्‍यौं ?” (पृ. ३९) प्रभुत्वशाली पिँढीले आफूले प्रभुत्व स्थापित गर्न सफल भएको अनुभूति गरेर झनै दमन गरी दबाबको स्थिति सिर्जना हुन्छ। चर्का चर्कीले भीड जम्मा हुँदै जान्छ। यसै क्रममा पुहुनीहरूले प्रधानपञ्चलाई घेर्छन्। भीडबाट आफू चारैतिर घेरिएको देखेर प्रधानपञ्च अत्तालिएर भक्भकाउन थाल्छ। यस किसिमको दबाब र तनाबको अनुभूति दुवै पिँढीले गरेको देखिन्छ। यस दबाब र तनाबले द्वन्द्वको सिर्जना गराएको पाइन्छ। अन्त्यमा प्रभुत्वशाली पिँढीले हारको अनुभूति गरेको सङ्केत पाइन्छ। समाधान स्वरूप वैकल्पिक रूपमा नयाँ संस्कृतिको उदीयमान भएर कथाको अन्त्य भएको पाइन्छ।

प्रस्तुत कथामा प्रत्यक्ष र परोक्ष रूपमा सिर्जना गरिएको दबाबमा परेका दलितहरूले मुक्तिका लागि सामन्त वर्गको विरुद्धमा प्रतिकार गरेर प्रभुत्वशाली वर्गको स्वर्थ सिद्धिमा बाधा उत्पन्न गरेको देखिन्छ। नेपाली समाजको यथार्थ धरातलमा उभिएर हेर्दा वैकल्पिक पिँढीका निरिह पात्रहरू र तिनकै सोझोपनलाई हतियारको रूपमा प्रयोग गरेर स्वार्थ सिद्धिमा लागेर रगत पसिना चुस्ने प्रधानपञ्च र साहुहरू जस्ता पात्रहरू देख्न सकिन्छ। त्यसैले प्रस्तुत कथामा देखिएको वर्गीय द्वन्द्वका कारण जुन परिणतिको सिर्जना भएको छ, यो दबाब र तनाबबाट सिर्जित अनुभूतिको उपज भएको हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

## निष्कर्ष

'विकासको कुलो' कथामा साहुहरूले प्रतिनिधित्व गरेको प्रभुत्वशाली सामन्त वर्गको संस्कृति एकातिर छ भने अर्कोतिर दलित वर्गको वैकल्पिक संस्कृति रहेको पाइन्छ। प्रभुत्वशाली पिँढीले सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक प्रभुत्व कयम राखेको छ भने वैकल्पिक पिँढी वैकल्पिक संस्कृतिको खोजीतर्फ प्रयत्नशील रहेको स्पष्ट हुन्छ। यसले कथामा अनेक किसिमका दबाब र तनाबको अवस्था सिर्जना भएको देखिन्छ। यसबाट विशिष्ट प्रकारको अनुभूतिको संरचना निर्माण गरिएको छ। प्रस्तुत कथाले पञ्चायती सामन्त वर्गले आफ्नो स्वार्थ सिद्धिका निम्ति समाजका निमुखा वर्गप्रति कस्तो किसिमले शोषण गर्दछन् भन्ने अन्याय र अत्याचारको जर्जर युगको पहिचान गराउँछ। यस कथामा प्रभुत्वशाली संस्कृतिको सम्वाहक सामन्त वर्ग मात्र नभएर शोषित वर्गले पनि कतिपय अवस्थामा दबाब, तनाब वा अज्ञानताको कारण अभिजात्य संस्कृतिलाई नै ग्रहण गर्न बाध्य भएको स्थिति सिर्जना भएको छ। वैकल्पिक संस्कृतिको स्थापना गर्न नसक्दासम्म प्रभुत्वशाली पिँढीको संस्कृतिले समाजका हरेक तहमा आफ्नो आधिपत्य कायम राख्न सफल देखिन्छ। अनेक छलकपट

र शोषणको पराकाष्ठले गर्दा अधीनस्थ पिँढीमा अस्तित्वका लागि सङ्घर्ष गर्ने चेतनाको प्रादुर्भाव भएको पाइन्छ। दलितहरूका युवा पुस्ता अस्तित्व रक्षाको निम्ति सङ्घर्षरत भएको कुरा चित्रण गरिएको छ। कथाको आद्योपान्त यही दबाब र तनाबको स्थिति सिर्जना हुन्छ, समाधान स्वरूप कथाको अन्त्यमा विकल्पको रूपमा उदीयमान संस्कृतिको निर्माण भएको देखिन्छ। कथामा नेपाली समाजको त्यस कालखण्डको संस्कृति प्रस्तुत गरिनाका साथै विपन्न समुदायमाथि सामन्तवादी राज्यसत्ताका आडमा हैकम र प्रभुत्व कायम भएको कुरा उद्घाटन गरिएको छ। सामन्तवादी समाजमा अड्डा, अदालत, पुलिस प्रशासन भन्नु पनि प्रभुत्वशाली वर्गको हित संरक्षक रहेको अवस्थामा विपन्न समुदाय प्रभुत्वशाली पिँढीकै उत्पीडनमा बाँच्न विवश हुनपर्ने यथार्थलाई प्रतिविम्बित गरिएको छ। वैकल्पिक संस्कृतिको निर्माण गराएर नयाँ पुस्तामा आएको चेतनाको परिवर्तनलाई देखाउनु नै लेखकीय अभिप्राय भएको दखिन्छ। त्यसैले प्रभुसत्ताका सामु समर्पणवादी चेतनाबाट मुक्त हुँदै गरेको तत्कालीन नेपाली समाजको यथार्थलाई प्रस्तुत गरिएको छ।

## सान्दर्भ सामग्रीसूची


घर्ती, दुर्गाबहादुर (२०६८). साहित्यको समाजशास्त्रका प्रमुख मान्यता. *PERSPECTIVES ON HIGHER EDUCTION* (vol, 6, October 2011) p. 232-239।

जैन, निर्मला (सम्पा.). (सन् १९९२). *साहित्यका समाजशास्त्रीय चिन्तन.* दिल्ली विश्वविद्यालय : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय।

पाण्डेय, ताराकान्त (२०६९). बसाइँ उपन्यासको समाजशास्त्र. *प्राज्ञिक संसार,* १/४ (माघ) पृ. ५५-६३।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन।

पाण्डेय, मैनेजर (सन् २००६). *साहित्य के समाजशास्त्र की भूमिका* (तेस्रो संस्क.). पञ्चकला : हरियाणा साहित्य एकादमी.।

बराल, ऋषिराज (२०६७). *प्रतिनिधि कथाहरू.* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

क्षेत्री, उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्र बहादुर राईका आख्यानको अध्ययन.* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध. त्रि.वि. कीर्तिपुर।